आज मिति २०७४।०७।१२ गतेका दिन राप्ती सोनारी गाउपालिकाको बैठक राप्ती सोनारी गाउपालिकाका अध्यक्ष श्री लाहुराम थारुको अध्यक्षतामा निम्न उपस्थितिमा बसी निम्न बमोजिमको निर्णय गरियो ।

## उपस्थिति

| | | |
|---|---|---|
| श्री लाहुराम थारु | अध्यक्ष | |
| श्री धनी कुमारी खत्री | उपाध्यक्ष | |
| श्री चन्द्र बहादुर वली | वडा अध्यक्ष वडा नं. १ | सदस्य |
| श्री मदन कुमार वली | ,, ,, ,, २ | सदस्य |
| श्री गंगाराम थारु | ,, ,, ,, ३ | सदस्य |
| श्री कान्छा थारु | ,, ,, ,, ४ | सदस्य |
| श्री झगरु थारु | ,, ,, ,, ५ | सदस्य |
| श्री जनक बहादुर थारु | ,, ,, ,, ६ | सदस्य |
| श्री रामलखन थारु | ,, ,, ,, ७ | सदस्य |
| श्री खुम बहादुर बस्नेत | ,, ,, ,, ८ | सदस्य |
| श्री महावीर वली | ,, ,, ,, ९ | सदस्य |
| श्री दमकला जैसी | महिला सदस्य | सदस्य |
| श्री नैनी कुमारी खत्री | ,, ,, | सदस्य |
| श्री मीना कुमारी विष्ट | ,, ,, | सदस्य |
| श्री लिला नेपाली | ,, ,, | सदस्य |
| श्री देवराज कुमाल | | सदस्य |
| श्री पतरी दपाई | | सदस्य |
| श्री भरत कुमार मल्ल | प्रमुख प्रशासकीय अधिकृत | सचिव |

आमन्त्रीत

इन्दु रेग्मी पशु सेवा केन्द्र धामपुर प्र.

मान बहादुर थापा (रेन्जर) धामपुर इ.व. कार्यालय

विष्णु प्रसाद चुदाली प्र.स्वा.ले. स्वा.से. (जनस्वास्थ्य)

केशव के.सी. हे.अ. ,, ,,

प्रस्ताव

१. विषयगत कार्यालयहरुको बजेट बाँडफाँट सम्वन्धमा
२. सटर निर्माण सम्वन्धमा
३. सामाजिक परिचालकमा नियूक्ति गर्ने सम्वन्धमा
४. वडाको बैठक भत्ता सम्वन्धमा
५. जनश्रमदान सम्बन्धमा
६. वडा सचिवहरु मासिक बैठकमा उपस्थित हुँदा यातायत, खाजा, खर्च भूक्तानी सम्वन्धमा
७. इन्टरनेट सेवा जडान गर्ने सम्वन्धमा
८. सडक चौडाई सम्वन्धमा
९. पि.सि.एफ. कोटालाई निरन्तरता दिने सम्वन्धमा
१०. ल्याव असिस्टेण्ट को सेवा करारमा लिने सम्वन्धमा

निर्णय:-

नं. १ . प्रस्ताव नं. १ को उपर छलफल गर्दा गाउ सभाबाट विषयगत कार्यालहरु ( कृषी, पशु, बन, महिला तथा बालबालिका, सिचाई ) बाट विगतबर्षहरुमा संचालन गर्दै आई रहेका कार्यक्रम र अन्य आवश्यक कार्यक्रमहरुको लागी सम्वन्धित विषयगत कार्यालयहरुबाट कार्यक्रम पेस गरे पछी बजेट बाँडफाँट गर्ने गरी रु.२००००००। बजेट अबण्डा राखिएकोमा सम्वन्धित कार्यालयहरुबाट कार्यक्रम पेस गर्ने प्रयोजनकको लागी बजेटको सिमा निर्धारण गर्नु पर्ने आवशयक भएकोले सो बजेटको सिमा निर्धारण गर्न निम्न व्यक्तिहरु भएको उप समिति गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| श्री लाहुराम थारु | गाउपालिका अध्यक्ष | संयोजक |
| श्री खुम बहादुर बस्नेत | वडा अध्यक्ष वडा नं. ८ | सदस्य |
| श्री भरत कुमार मल्ल | प्र.प्र. अधिकृत | सदस्य |

नं. २. प्रस्ताव नं. २ उपर छलफल गर्दा गाउपालिकाको केन्द्र २ नं. वडा कार्यालय कचनापुर बाट अगैयामा सार्ने क्रममा अगैयामा हाल बसिरहेको कार्यालय भवन संगै रहेको नेपाल राष्ट्रिय माध्यामिक विद्यालय अगैयाले प्रयोग गरिरहेको गाउपालिकाले भवन प्रयोग गरे बाफत विद्यालयलाई मिले सम्म आर्थिक तथा भौतिक सहयोग गर्नुका साथै तत्काल गाउपालिकाको गेटमा रहेको खाली जग्गामा भाडामा प्रयोग हुने खालका ४ वटा सटर बनाई दिने र उक्त सटर विद्यालयले भाडामा लगाई आयस्ता विद्यालयले लिने मौखिक सहमति भएकोले प्राविधिकबाट ल.ई. बनाई लाग्ने रकम कन्टेन्जेसी शिर्षकमा छुट्याइएको रकमबाट विद्यालयलाई उपलब्ध गराई विद्यालयबाट नै निर्माण कार्य गराउने निर्णय गरियो ।

नं. ३. प्रस्ताव नं. ३ उपर छलफल गर्दा ४ नं. वडामा सामुदायीक विकास कोषको सामाजिक परिचालकमा कार्यरत ~~सं~~ राम थारु लाई स्थानीय सहजकर्तामा करार सम्झौता गरिएकोमा निजले मिति २०७४।७।६ मा स्थानीय विकास कोष जि.वि.स.बाँकेबाट सामाजिक परिचालक पाँचौ तहमा करार नियूक्ति गरिएकोले सोही पदलाई निरन्तरता गरि पाउ भन्ने व्यहोराको निवेदन दिएकोले निवेदकको माग बमोजिम २०७४।४।१ गते देखी नै लागु हुने गरि सामाजिक परिचालकमा करार सम्झौता गर्ने निर्णय गरियो ।

नं. ४. प्रस्ताव नं. ४ उपर छलफल गर्दा वडा समितिमा बस्ने बैठकमा बैठक भत्ता दिनको लागी गाउसभाबाट बजेटको व्यवस्था भएकोले वडा कार्यालयहरुमा बस्ने वडा समितिको बैठकमा उपस्थित पदाधिकारीलाई १ महिना ३ पटक सम्मको प्रति बैठक जनही १५००। का दरले बैठक भत्ता गाउपालिकाबाट उपलब्ध गराउने निर्णय गरियो ।

नं. ५. प्रस्ताव नं. ५ उपर छलफल गर्दा गाउपालिकाबाट पारित कार्यक्रम तथा योजनाहरु उपभोक्ता समितिबाट कार्यान्वयण गर्दा कम्तीमा ५% रकम जनश्रमदान गर्ने निर्णय गरियो ।

नं. ६. प्रस्ताव नं. ६ उपर छलफल गर्दा वडा कार्यालयमा कार्यरत वडा सचिवहरुको नियमित मासिक बैठक गाउपालिकामा बस्ने भएको हुँदा सो बैठकमा उपस्थित हुन आउने वडा सचिवहरुलाई बैठकमा आते जाते गर्दा यातायात खर्च, तथा खाजा, नास्ताको लागी प्रति बैठक जनही रु. १५००। का दरले रकम दिने निर्णय गरियो ।

नं. ७. प्रस्ताव नं. ७ उपर छलफल गर्दा गाउपालिकाको कार्यालयमा इन्टरनेट सेवाको लागी वाई फाई र नेटवर्किङ्ग सेवा जडान गर्ने निर्णय गरियो ।

नं. ८. प्रस्ताव नं. ८ उपर छलफल गर्दा ३ नं. वडाको अगैया पुल देखी लटनिया सम्मको लोक मार्गको चौडाई ११ मिटर कायम गरी सोही बमोजिम कार्यान्वयण गरि दिन सडक कार्यालय, नेपालगंज बाँके लाई अनुरोध गर्ने निर्णय गरियो ।

नं. ९. प्रस्ताव नं. ९ उपर छलफल गर्दा विद्यालयहरुमा विद्यार्थीको अनुपातमा राखिने पि.सि.एफ. कोटालाई निरन्तरता दिनको लागी विभिन्न विद्यालयहरुबाट माग भई आएकोले गाउपालिका स्तरिय शिक्षा समितिले विद्यालयको अनुगमन गरी आवश्यक देखिएमा निरन्तरता को लागी गाउपालिकालाई सिफारिस गर्न गाउपालिका स्तरिय शिक्षा समितिलाई अनुरोध गर्ने निर्णय गरियो ।

नं. १०. प्रस्ताव नं. १० उपर छलफल गर्दा साविक कचनापुर गा.वि.स. हाल वडा नं. २ कचनापुरमा रहेको स्वास्थ्य चौकीमा विगत वर्ष देखी नै करारमा कार्यरत ल्याव असिस्टेण्ट सुमित्रा चौधरी लाई गा.वि.स.बाट उपलब्ध हुने रकमबाट सुविधा दिई ल्यावको काम गराई रहेकोले सो कामको निरन्तरन्ता नभएमा सर्वसाधारणलाई स्वास्थ्य सेवा उपलब्ध गराउनमा असुधि हुने भएकोले निज सुमित्रा चौधरीले हाल सम्म पनी काम काज गर्दै आई रहेकोले रु. १००००। मासिक कादरले २०७४ श्रावण देखी नै पारिश्रमिक दिई सेवा करारमा लिने निर्णय गरियो ।